**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ सँग सम्बन्धित**
**आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक बिवरण**

१. **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी बिवरण :

यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु

| | | | |
|---|---|---|---|
| प्रति शेयर बजार मुल्य | रु. २२६ | मुल्य आम्दानी अनुपात | १६.२७ |
| प्रति शेयर नेटवर्थ | रु. १५४.२ | कुल सम्पत्तिमा प्रतिफल | ०.८३% |
| तरलता अनुपात | २७.३४% | | |

ग) सम्बन्धित पक्ष

माछापुच्छ्रे क्यापिटल यस बैंकको ६९.८५% लगानी रहेको सहायक कम्पनी हो । नेपाल धितापत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंक) नियमावली, २०६४ अन्तगर्त मर्चेन्ट बैकिङ्ग कारोबार गर्न इजाजत प्राप्त छ । यसैगरी माछापुच्छ्रे सेक्युरिटिज लि. यस बैंकको शत्प्रतिशत लगानी रहेको सहायक कम्पनी हो । सो कम्पनी नेपाल धितापेत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायी ( स्टक ब्रोकर) को रूपमा कारोबार गर्न इजाजत प्राप्त छ । यस बैंकको सम्बन्धित पक्ष बीचसँग भएका सम्पूर्ण कारोबारहरु Arm length's Price बमोजिम नै भएको छ र सो को विवरण बैंकको Interim Financial Report मा समावेश गरिएको छ ।

२. **व्यवस्थापकिय विश्लेषण** :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण:

देशको समग्र अर्थतन्त्रमा देखिएको संरचनागत शिथिलता तथा केही नीतिगत कारणबाट आर्थिक क्रियाकलापमा देखिएको सुस्तताका कारण देशको व्यवसायिक वातावरण सकारात्मक बन्न नसकेको कारण व्यवसायीहरुको मनोबल न्यून रही कर्जाको माग तथा विस्तार उल्लेख्य रुपमा बढ्न सकेको छैन । यसका साथै बैंकको ब्याज तथा कर्जाको साँवा असुलीलाई समेत नकारात्मक असर पर्न गएको छ । यद्यपि बैंकमा रहेको तरलतालाई गुणस्तरीय लगानीमा लगाई बैंकको सुचकांकहरुलाई सुधार गरी अधिकतम प्रतिफल प्राप्त गर्न प्रयत्नरत रहेको छ ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :

बैंकको संचालन खर्चमा हुदै गएको वृद्धिलाई नियन्त्रण गर्दै बैंकले दीर्घकालिन व्यावसायिक योजना अनुरुप आगामी अवधिमा पनि गुणस्तरीय कर्जा प्रवाह, कर्जाको साँवा तथा ब्याज असुलीलाई विशेष प्राथमिकता, आम्दानीमा वृद्धिका साथै स्मार्ट बैंक बन्ने मूल नारालाई आत्मासात गर्दै प्रभावकारी डिजिटल बैंकिङ्ग सेवा विस्तारलाई मुख्य प्राथमिकतामा राखीबैंकका सेवाग्राही ग्राहकवर्ग तथा बैंकका शेयरधनीहरु लगायत सम्बद्ध सम्पूर्ण पक्षको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) विगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्वन्धि बिश्लेषणात्मक विवरण :

हाल सम्मको अनुभवमा बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना नभएको ।

**३. कानूनी कारवाहि सम्बन्धि विवरण** :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोबारको सिलसिलामा दायर भएको मुद्दा वाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

यस सम्बन्धमा कुनै जानकारी नरहेको ।

(ग) कुनै संचालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्बन्धमा कुनै जानकारी नरहेको ।

**४. बैंकको शेयर कारोवार सम्वन्धि विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्वन्धमा कुनै विशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रु. २९० | शेयरको न्युनतम मुल्य | : रु. २१९.८ |
| शेयरको अन्तिम मूल्य | : रु. २२६ | शेयर कारोवार भएको कुल दिन | : ५५ |
| कारोवार संख्या | : १५,३७६ | कुल कारोबार शेयर संख्या | : ५,९६४,५०६ |

**५. समस्या तथा चुनौती :**

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित सस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्वन्धि विवरण :

**(क) आन्तरिक समस्या तथा चुनौती :**

- कर्जाको गुणस्तर अभिवृद्धि तथा निष्कृय कर्जाको मात्राको न्यूनिकरण,
- बैंकको आधारभूत संरचना एवं प्राविधिक विकासमा हुन सक्ने खर्च र त्यसमा हुने अन्तरनीहित जोखिम तथा व्यवस्थापन,
- सम्पत्ति शुद्धीकरण निवारणसँग गाँसिने बैंकका आन्तरिक नियम र नियन्त्रण प्रक्रियामा निहित जोखिम,
- बैंकको संचालन खर्चमा हुने वृद्धि तथा यसमा थप मितव्ययिता अपनाउनु पर्ने जरुरी,
- बैंकमा कार्यरत दक्ष जनशक्तिको पलायनबाट हुन सक्ने जोखिम ।

**(ख) बाह्य समस्या तथा चुनौती :**

- देशको समग्र अर्थतन्त्रमा आएको शिथिलताबाट व्यापार व्यवशायमा परेको असर र यसले गर्दा कर्जा असुलीमा भएको समस्या,

- नियमनकारी निकायबाट जारी गर्ने नीति, निर्देशन तथा कानुनहरूमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- कर्जाको मागमा आएका् कमी, पूँजीगत बजेटमा हुन नसकेको बजेटको खर्च तथा सुस्त विकास निर्माणका कार्यहरु ।
- प्रविधिको विकाससँगै निम्त्याएको जोखिम ।
- मुद्र्रा बजारमा ऐतिहासिक रुपमा डलरको मुल्यमा आएको वृद्धिका कारण आयात महंगो भई वैदेशिक मुद्रास्फीतीको दवाबबाट उत्पन्न हुन सक्ने जोखिम र बिदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तनको चुनौती ।

(ग) **रणनीति :**

- ग्राहकसँगको सम्बन्ध व्यवस्थापन गर्न भिन्न एवं विविध प्रकारका उत्कृष्ट एवं गुणस्तरीय सेवा उपलब्ध गराउन विभिन्न कार्य अघि बढाइएको ।
- समय सापेक्ष रुपमा डिजिटल बैंकिङ्गका विभिन्न सेवा सुविधाहरु वृद्धि तथा सेवालाई थप गुणस्तरीय बनाईएको ।
- संचालन तथा व्यवस्थापन खर्चको प्रभावकारी अनुगमन तथा खर्च नियन्त्रणका उपायहरु अवलम्बन गरिएको ।
- निष्कृय कर्जा असुली तथा व्यवस्थापनको लागि उच्च प्राथमिकता दिइएको ।
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गरिएको तथा नियमनकारी निकायबाट जारी भएको नीति, निर्देशन भित्र रही कर्जाको पुनर्संरचना तथा पुनरतालिकीरण जस्ता उपायहरुको अपलम्बन गरिएको ।
- बैंकको नीति, नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चस्त दरुस्त राखिएको ।
- भविष्यमा हुन सक्ने जोखिमबाट बच्न कर्मचारीहरुलाई आवश्यक तालिम दिने गरिएको ।
- समय सापेक्ष हुने गरी प्रविधिमा आधारित नवीनतम सेवाहरु विकास गरिएको तथा बैंकको Banking Software मा हुन सक्ने प्राविधिक गडबडीबाट बच्न आवश्यक Back-up राख्ने गरिएको ।
- विनिमय दरमा हुने परिबर्तनबाट हुन सक्ने जोखिमबाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गरिएको ।
- बैंकको संगठनात्मक संरचनामा परिबर्तन गरी बढी प्रभावकारी बनाइएको तथा केहि मुख्य कर्मचारीले छोड्दा पनि बैंक नियमित रुपमा सेवा प्रदान गर्न सक्षम रहेको ।

## ६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्वन्धी विवरण :

- नेपाल राष्ट्र बैंकवाट जारी गरिएको संस्थागत सुशासन सम्वन्धी निर्देशिकाको पालना गर्नुका साथै बैंकका शेयरधनीहरु प्रति बैंक संचालक समिति पूर्ण रुपमा जवाफदेहि र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरीक्षण समितिले संस्थागत सुशासन सम्वन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरुको अनुपालना आदि बारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।

- बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

**७. सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्‌घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्‌घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।